बैठक संख्या २/१३८

आज मिति २०७९ पौष २८ गते विहिबारका दिन सूर्यविनायक नगरपालिकाको १३८ औं नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री बासुदेव थापाज्यूको अध्यक्षतामा बसी तपसिलमा उल्लेखित विषयका सम्बन्धमा छलफल गरी निर्णय समेत गरियो ।

| क्र.स. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | बासुदेव थापा | प्रमुख | |
| २ | सरिता तिमसिना भट्टराई | उप प्रमुख | |
| ३ | राजेन्द्रप्रसाद कडेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | सानुकाजी कायस्थ | वडा अध्यक्ष, वडा नं १ | |
| ५ | प्रदिप कार्की | वडा अध्यक्ष, वडा नं २ | |
| ६ | दिपेन्द्र के.सी. | वडा अध्यक्ष, वडा नं ३ | |
| ७ | लछुराम न्यौपाने | वडा अध्यक्ष, वडा नं ४ | |
| ८ | राजकुमार जोशी | वडा अध्यक्ष, वडा नं ५ | |
| ९ | ईश्वर खड्का | वडा अध्यक्ष, वडा नं ६ | |
| १० | रविन्द्र सापकोटा | वडा अध्यक्ष, वडा नं ७ | |
| ११ | पुष्पराज बस्नेत | वडा अध्यक्ष, वडा नं ८ | |
| १२ | भगवान खत्री | वडा अध्यक्ष, वडा नं ९ | |
| १३ | शिवराम राउत | वडा अध्यक्ष, वडा नं १० | |
| १४ | तारा खतिवडा (सापकोटा) | कार्यपालिका सदस्य | |
| १५ | कमला पोखरेल | कार्यपालिका सदस्य | |
| १६ | शर्मिला बस्नेत | कार्यपालिका सदस्य | |
| १७ | सावित्री मिश्र | कार्यपालिका सदस्य | |
| १८ | हेमा दहाल (खतिवडा) | कार्यपालिका सदस्य | |
| १९ | सुमन परियार | कार्यपालिका सदस्य | |
| २० | प्रजुन तिखत्री | कार्यपालिका सदस्य | |
| २१ | सुनिल भुजेल | कार्यपालिका सदस्य | |
| | राजेन्द्र प्रसाद नेपाल आमन्त्रित | प्रशासन शाखा प्रमुख | |
| | अनिरुद्ध नेपाल आमन्त्रित | राजस्व परिचालन शाखा प्रमुख | |
| | सर्वदा पण्डित आमन्त्रित | लेखा अधिकृत | |

**मिति २०७९ पौष २८ गते नगर कार्यपालिका (१३८औं) बैठकको (कार्यसुची) एजेण्डाहरु:**

१. कार्यविधि निर्देशिका स्वीकृत गर्ने ।
२. नगरसभा अधिवेशनको मिति तय गर्ने सम्बन्धमा ।
३. कार्यक्रम तथा बजेट स्वीकृति सम्बन्धमा ।
४. तरकारी बाली पकेट कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।
५. अस्पतालको जेनेरेटर खरिद बोलपत्र सम्बन्धमा
६. जग्गा सम्याउने स्वीकृति सम्बन्धमा ।
७. युवा परिषद कार्यक्रम संचालन
८. योजना सिफारिस सम्बन्धमा
९. राजस्व सिफारिस समितिको निर्णय अनुमोदन
१०. शिक्षा समितिको निर्णय अनुमोदन
११. विविध

**छलफल तथा निर्णयहरु**

**निर्णय नं १**

सूर्यविनायक नगरपालिकाको जग्गा विकास (प्लानिङ्ग) तथा हाउजिङ्ग निर्माण सम्बन्धी निर्देशिका, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

सूर्यविनायक नगरपालिकाको नगरसभाको १३ औं अधिवेशन देहायको मिति समय र स्थानमा बस्ने निर्णय गरियो

तपसिल

मिति: २०७९।१०।१८ गते

स्थान: सूनपा

समय: विहान ११ बजे

निर्णय नं ३

नगरसभाबाट विपद व्यवस्थापन कोष, मर्मत संभार कोष लगायत विभिन्न कोषहरुमा विनियोजित रकमबाट तपसिल बमोजिमका कार्यक्रम तथा आयोजनाहरुमा तपसिल बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो ।

**क. आर्थिक सहयोग र उपचार राहत खर्च**

| क्र.स. | आयोजना कार्यक्रम र सहयोगको विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|
| १ | सिद्धीबीर पोसी, | वडा नं ८ | १५००० |
| २ | देवडोल सेवा समाज | वडा नं ३ | १००००० |
| ३. | उर्मिला पौडेल | वडा नं १० | २०००० |

### ख. खेलकुद व्यवस्थापन लगायत अन्य कार्यक्रम संचालन

| क्र.स. | कार्यक्रम | संस्थाको नाम | कार्यक्रम विवरण | ठेगाना | स्वीकृत रकम रु. |
|---|---|---|---|---|---|
| १ | सूनपा बारे थेसिस | सुवोध उपाध्याय | | | २५००० |
| २ | तेक्वान्दो खेलकुद | सूर्यविनायक नगर तेक्वान्दो समिति | खेलकुद संचालन | सूनपा वडा न. ८ | १००००० |
| ३ | स्वास्थ्य शिविर र ढल जडान | स्थानीय समिति | स्वास्थ्य | सूनपा ३ | ३०००० |
| | विद्यावारिधी सोध अध्ययन | पारशमणी आर्चाय | | सूनपा ५ | ५०००० |

### ग. पूर्वाधार तर्फ मर्मत संभार

| क्र.स. | आयोजना कार्यक्रम र सहयोगको विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|
| १ | सुवर्णेश्वर माध्यमिक विद्यालय कम्पाउण्डवाल लगायत मर्मत संभार | ६ | ७००००० |
| २ | अरनिको मा.वि.व्यवस्थापन | ४ | २००००० |
| ३ | कृष्ण मन्दिर खा.पा. | १० | ५००००० |
| ४ | समाज काल्याण मार्गबाट दक्षिण लोचन मार्ग सिमांकन वाल | ३ | २००००० |
| ५ | कसटोलबाट शान्ति विनायक मन्दिर जाने सडक सिमांकन वाल | ३ | २००००० |
| ४ | ओमशान्ति भवन निर्माण | ४ | ५००००० |
| ५ | कमेरी खोल्छी कुलो निर्माण | ७ | ७००००० |
| ६ | पिपलबोट ३०० फाँट सडक | ९ | ५००००० |
| ७ | पलाँसे चोक प्लम वाल निर्माण | ९ | ५००००० |
| ८ | नमूना वस्ती ढलान बाटो | ५ | १००००० |
| ९ | वालकोट वाट गठ्ठघर सिढी निर्माण | २ | ३००००० |
| १० | कुमाले ढिकी ढलान बाटो मर्मत | ५ | १००००० |
| ११ | सिरुटार मा.वि.सडक निर्माण | १ | १०००००० |
| १२ | मेनरोडबाट राजथला टोल जानेबाटो निर्माण | १ | १०००००० |
| १३ | सल्पा खोला पंधेरा चौर पर्ती जग्गा संरक्षण योजना | १० | १५००००० |

### निर्णय नं ४

१. आर्थिक विकास समितिको मिति २०७९ पुष १९ गते मंगलवार बसेको बैठकको निर्णय बमोजिम सिफारीस भइ यस नगर कार्यपालिकामा सिफारीस गरिएका आ.व.२०७९।०८० मा सञ्चालन हुने तपसिलका नयाँ तरकारीबाली पकेट विकास कार्यक्रम सञ्चालनको लागि छनौट गर्ने निर्णय गरियो ।

तपसिल:

| क सं | नाम | ठेगाना | सम्पर्क नं | सम्पर्क व्यक्ति | कैफियत |
|---|---|---|---|---|---|
| १ | बस्नेत पशुपन्छी तथा कृषि फार्म | सू.न.पा.१० | ९८६३८६३०६८ | गोविन्द बस्नेत | तरकारी |
| २ | सक्षम अर्गानिक फार्म | सू.न.पा. ४ | ९८४१८६४११६ | संगीता खड्का | तरकारी |
| ३ | बाल कुमारी बहुउद्देश्यीय कृषि फार्म | सू.न.पा. १० | ९८४१८६७७८४ | बाल कुमारी राई | तरकारी |

२. आर्थिक विकास समितिको मिति २०७९ पुष १९ गते मंगलवार बसेको बैठकको निर्णय बमोजिम यस नगर कार्यपालिकामा सिफारीस गरिएका आ.व.२०७९।०८० मा सञ्चालन हुने तपसिलका नयाँ च्याउ पकेट विकास कार्यक्रम सञ्चालनको लागि छनौट गर्ने निर्णय गरियो ।

तपसिलः

| क.सं. | नाम | ठेगाना | सम्पर्क नं | सम्पर्क व्यक्ति | कैफियत |
|---|---|---|---|---|---|
| १ | बस्नेत कृषि फर्म | सू.न.पा.-१ | ९८१३१४२४८५ | बलराम बस्नेत | च्याउ सिताके |
| २ | ग्लोबल कृषि फार्म एण्ड मल्टि सप्लायर्स प्रा.लि. | सू.न.पा.-७ | ९८६११०४५५७ | सोनम तामाङ्ग | कन्ये च्याउ |

## निर्णय नं ५

नगरपालिका अस्पतालको लागि जेनेरेटर खरिद कार्य बारे हालसम्म भएको कामकारवाही सम्वन्धमा बैठक समक्ष जानकारी भयो। खरिद प्रकृयाका क्रममा यस कार्यालयमा प्राप्त उजुरी निवेदन सम्बन्धमा पुनरावलोकन गर्नका लागि बोलपत्र मूल्यांकन गर्ने प्राविधिक नेपाल बाहिर रहेको बुझिएको र नेपाल विद्युत प्राधिकरणको प्राविधिकबाट ठोस निर्णय आउन नसकेकोले यस कार्यालयमा प्राप्त उजुरीको सम्वन्धमा वास्तविकता यकीन गर्न दुविधा भएको हुदाँ उक्त ठेक्का प्रकृया रद्द गरि पुन: खरिद प्रकृया शुरु गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

## निर्णय नं ६

यस नगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा निजी तथा व्यवसायिक आवास तथा अन्य संरचना निर्माण सम्वन्धमा यस अघि स्थलगत समिति गठन गरी उक्त समितिले दिएको प्रतिवेदनको आधारमा जग्गा सम्याउने अनुमति प्रदान गर्दै आएकोमा अव उप्रान्त जग्गा सम्याउने कार्य सम्बन्धमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

क. सूर्यविनायक नगरपालिकाको जग्गा विकास (प्लानिङ्ग) तथा हाउजिङ्ग निर्माण सम्बन्धी निर्देशिका, २०७९ स्वीकृत भई सकेको सन्दर्भमा सो निर्देशिकाको प्रावधान बमोजिम जग्गा विकासका लागि वडा समितिको निर्णय सहित नपामा सिफारिस गर्ने ।

ख. निजी आवास, व्यवसायिक घर एवं अन्य निजी र व्यवसायिक संरचना निर्माणको लागि विद्युतीय नक्सापास प्रणालीमा निवेदन पेश भई सकेकाहरुको हकमा जग्गा सम्याउन पर्ने रहेछ भने वडा प्राविधिको प्रतिवेदन लिई वडा समितिबाट निर्णय गरी नियमानुसार राजस्व लिएर वडाबाटै अनुमति दिने व्यवस्था मिलाउने। त्यसरी दिएको अनुमति पत्रको बोधार्थ नपामा समेत अनिवार्य दिने ।

ग. जग्गा सम्याउने क्रममा माटो निस्कने भएमा उक्त माटो विक्रीका लागि नगरपालिकाबाट पूर्व स्वीकृति लिनूपर्ने ।

घ. घर संरचना देखि बाहेक अन्य प्रयोजनका लागि जग्गा सम्याउनुपर्ने भएमा प्रति आना रु. १०००० अग्रिम रुपमा लिएर मात्र नगरपालिकामा सिफारिस गर्ने ।

ङ. प्राकृतिक रुपले ३० डिग्रिभन्दा बढी भिरालो भएको जग्गा सम्याउनका लागि कुनैपनि प्रकारको सिफारिस नदिने ।

च. नगरपालिकाको पूर्व स्वीकृति विना डोजर लगाई जग्गा सम्याउने कार्य गरेको पाईएमा उक्त कार्यबाट हुने विपद र हानी नोक्सानीको मुल्यांकन गरी सम्बन्धितसंग असुलउपर गर्ने र उक्त जग्गा रोक्काका लागि तत्काल मालपोत र नापि कार्यालयमा लेखि पठाउने ।

छ. व्यक्तिगत र सार्वजनिक पर्ति जग्गाको सीमाना जोडिएको र त्यसमा व्यक्तिगत र सार्वजनिक पर्ति जग्गाको क्षेत्रफल के कति भन्ने विवाद उत्पन्न भएको हकमा नापी नक्सा अनुसार सार्वजनिक पर्ति जग्गाको क्षेत्रफल छुट्टयाएपछि बाँकी जग्गाबाट फिल्ड नापचाँच गरी व्यक्तिको जग्गाको क्षेत्रफल कायम गर्ने गराउने ।

**निर्णय नं ७**

चालू आ.व.को लागि राष्ट्रिय युवा परिषदबाट शर्सत अनुदानको रुपमा निकाशा भएको नमूना नगरसभा संचालन कार्यक्रमको लागि युवाका साथ साथ आवाज नेपाल नामक गैर सरकारी संस्थाको तर्फबाट पेश भएको प्रस्ताव स्वीकृत गरी सोही संस्थालाई उक्त कार्यक्रमको कार्यविधि अनुसार संचालन जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

सूर्यविनायक नगरपालिका वडा नं ९ दोभान खोला सरस्वति मा.वि. अगाडि रहेको दोभान खोलामा पक्की मोटर पुल निर्माण गरी आवागमन व्यवस्थित गर्नुपर्ने भएकोले उक्त आयोजना सम्पन्न गर्नका लागि सम्बन्धित निकायमा मा सिफारिस गरि पठाउने निर्णय गरियो ।

**निर्णय नं ९**

राजस्व परामर्श समितिको मिति २०७९।०९।२५ को बैठकबाट आगामी आ.व.को लागि राजस्व प्रक्षेपण, व्यवसाय दर्ता अभियानलाई निरन्तरता दिने तथा सिफारिस भएका अन्य निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं १०**

नगर शिक्षा समितिको मिति २०७९ पौष ११ गतेको बैठक निर्णय सम्बन्धमा छलफल हुदा उक्त निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

सूर्यविनायक नगरपालिकाको भवन निर्माण तथा नक्सापास निर्देशिका, २०७८ को दफा ५६ को उपदफा २ बमोजिम सूनपा वडा नं २ को सिफारिसको आधारमा गोधुली मार्ग जाने बाटोको क्षेत्राधिकार ४ मीटर कायम गरी भवन नक्सा स्वीकृती दिने व्यवस्था भए बमोजिम उक्त बाटोको क्षेत्राधिकार ४ मीटर कायम गर्ने निर्णय गरियो ।